# साँगुरीगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भेडेटार धनकुटा
## १ नं. प्रदेश नेपाल

मिति :- २०७५/०६/१९

**बिक्री तथा निकासी शुल्क अशुलीको ठेक्का बन्दोबस्त सम्बन्धि सूचना ।**

यस गाउँपालिकाको आर्थिक ऐन २०७५ को अनुसूचिमा उल्लेखित बिक्री तथा निकासी शुल्कमा आ.व. २०७५।७६ को लागि एकमुष्ठ ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संस्थाहरुले निम्न बमोजिमको रित पुऱ्याइ शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन जानकारीको लागि यो सूचा प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम वार्षिक (आ.व. २०७५।७६) ठेक्का अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १ | ०३-२०७५।७६ | बिक्री तथा निकासी शुल्क | रु. २००,०००।०० | रु. १,०००।०० |

१. दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी खरिद गर्न सकिनेछ । फारम खरिद गर्दा निवेदक व्यक्ति भए नेपाली नागरिकताको फोटोकपी पेश गर्नुपर्नेछ । फर्म संस्थाको हकमा फर्म दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गरि कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्रमा आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस गाउँपालिकाको नेपाल वंगलादेश बैंक स्थित धरौटी खाता नं ९५९०१००२२१ मा जम्मा गरेको सक्कल भौचर निवेदक व्यक्ति भए नेपाली नागरिकताको फोटोकपी साथै फर्म संस्थाको हकमा फर्म दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । साथै दरभाउपत्र संलग्न भएको खाम बाहिर प्रष्ट रुपमा बुझिने गरि ठेक्का बिवरण उल्लेख गरि नाम थर ठेगाना र सम्पर्क नं उल्लेख गर्नुपर्नेछ ।

३. दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको आठौं दिनको १२:०० बजे भित्रमा यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यसरी दर्ता भएका शिलबन्दी पत्रहरु सोही दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. रित नपुगी वा म्याद नाघी वा कुनै शर्त राखि आएका दरखास्तहरु उपर कुनै कार्यवाही हुने छैन । कबोल रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

५. ठेकेदारले सम्झौताको समयमा ठेक्का रकम एकमुष्ठ बुझाउनुपर्नेछ । एकमुष्ठ नबुझाउनेको हकमा ठेक्का अंकलाई तीन किस्तामा बिभाजन गरिनेछ । पहिलो किस्ताको रकम ठेक्का रकमको ५०% सम्झौता अगाडि नै बुझाउनुपर्नेछ । बाँकी दुई किस्ता रकम २५/२५ प्रतिशत मानी दोश्रो किस्ता सम्झौताको मितिले चौथो महिनामा र अन्तिम किस्ता रकम बैशाख मसान्त भित्र बुझाइसक्नुपर्नेछ ।

६. कुनै कारण देखाइ वा नदेखाइ ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिका कार्यालयमा सुरक्षित हुनेछ ।

७. दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको ठेक्का अंक उल्लेख गर्नुपर्नेछ । प्रचलित कानून बमोजिम लाग्ने कर दस्तुर आदि ठेकेदार आफैंले बुझाउनुपर्नेछ ।

८. शिलबन्दी फारम बिक्री वा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा त्यस पछि कार्यालय खुल्ने दिन खरिद गर्ने र पेश गर्ने तथा खोल्ने दिन कायम हुनेछ ।

९. शुल्क उठाउन आवश्यक कर्मचारी र अन्य व्यवस्था ठेकेदार स्वयंले गर्नुपर्नेछ । कर अशुली गरिने नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाइ यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोग गर्नुपर्नेछ ।

१०. धरौटी वापतको रकम बुँदा ५ को प्रकृया पुरा भै सम्झौता भएपछि फिर्ता दिइनेछ ।

११. साँगुरीगढी गाउँपालिकाले तोकेको स्थानमा मात्र कर संकलन केन्द्र राखि शुल्क उठाउनु पर्नेछ ।

१२. ठेक्का सम्बन्धि कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय अन्तिम हुनेछ ।

१३. अन्य बिस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न वा कार्यालयको वेवसाइट **www.sangurigadhimun.gov.np** मा हेर्न सक्नुहुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत